# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## (लुम्बिनी प्रदेश,नेपाल)

पत्र संख्याः २०८२।०८३
च.न.-

वेबसाईट :www.mayadevimunkapilvastu.gov.n
ईमेल : mayadevirm@gmail.com


मितिः २०८३।०२।२६

**प्रस्ताव (Proposal) आह्वान सम्बन्धी सूचना ।**

**(तेस्रो पटक प्रकाशित मितिः २०८३/०२/२६)**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४२६, मिति २०८२/०३/०४ को पत्रानुसार स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मायादेवी गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन गर्न प्रति विद्यालय एकमुष्ट रु. १०,००,०००।- (अक्षरेपि दश लाख रुपैयाँ मात्र) अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको छ। यस अघि प्रथम र दोस्रो पटक सूचना प्रकाशन गर्दा न्यून प्रस्ताव प्राप्त भएकोले, गाउँपालिका क्षेत्रभित्रका योग्यता पुगेका अन्य सम्पूर्ण इच्छुक विद्यालयहरू समेतको सहभागिता र छनोटमा प्रतिस्पर्धा सुनिश्चित होस् भन्ने उद्देश्यले यो सूचना तेस्रो पटक प्रकाशित गरिएको छ।

तोकिएको प्राविधिक प्राथमिकता र शर्तहरूको परिधिभित्र रही अनुदान प्राप्त गर्न इच्छुक विद्यालयहरूले यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र तपसिल बमोजिमका योग्यता, शर्त र आवश्यक कागजात सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वकको प्रस्ताव (Application/Proposal) पेस गर्नुहुन अनुरोध छ।

**तपसिलः**

**१. प्राथमिकता पाउने विद्यालयहरूः**

- पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका विद्यालयहरू।
- विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरू।
- विद्यालयमा कम्प्युटर विषय अध्यापन भइरहेका विद्यालयहरू।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक कोठा तथा अन्य पूर्वाधार उपलब्ध भएका विद्यालयहरू।

**२. छनोट प्रक्रिया र योग्यताः**

- गाउँपालिका क्षेत्रभित्रका सबै माध्यमिक विद्यालयहरूले यस प्रकारको अनुदान एक पटक प्राप्त गरिसकेको सुनिश्चित गरिनेछ।
- माध्यमिक तहमा सुनिश्चित भइसकेपछि, उच्च विद्यार्थी सङ्ख्या भएका र अनुमति/स्वीकृतिको ज्येष्ठता क्रमका आधारमा आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालयहरूलाई प्राथमिकता दिइनेछ।

**३. प्रस्ताव साथ पेस गर्नुपर्ने अनिवार्य कागजातहरूः**

- अनुदान माग गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।
- विद्यालयको आवश्यकताको सूची (सामग्री तथा उपकरणहरूको विवरण)।
- विद्यालयको हालको भौतिक पूर्वाधार (कोठा, बिजुली, इन्टरनेट आदि) को अवस्था खुल्ने विवरण।
- हालको विद्यार्थी सङ्ख्या र कार्यरत शिक्षकहरूको विवरण।

**थप जानकारीका लागिः मायादेवी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, पकडी, कपिलवस्तु।**

०८३।०२।२६
नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner